नेरेसो
# रेडक्रस
समाचारप्रधान मासिक पत्रिका

वर्ष ५८, अङ्क १ २०८३ साउन July- August 2026

# नेपाल रेडक्रस सोसाइटी (नेरेसो) रक्तसञ्चार सेवाको ६१औं स्थापना दिवस सम्पन्न

काठमाडौं, साउन १२ गते । नेपाल रेडक्रस सोसाइटी (नेरेसो) रक्तसञ्चार सेवाको ६१औं स्थापना दिवस देशैभर विभिन्न कार्यक्रमको आयोजना गरी मनाइएको छ । नेपाल रेडक्रस सोसाइटी केन्द्रीय रक्तसञ्चार सेवा भृकुटीमण्डपमा मूल समारोहको आयोजना गरिएको थियो ।

मूल समारोहमा वर्षभरि रक्तदान गर्नुहुने सङ्घसंस्थाहरूलाई सम्मान गरिएको थियो । कार्यक्रमलाई सम्बोधन गर्दै नेपाल रेडक्रस सोसाइटी केन्द्रीय तदर्थ समितिका अध्यक्ष डा.विशालकुमार भण्डारीले रक्तदाता तथा रक्तदान कार्यक्रम आयोजना गर्ने सङ्घसंस्थाहरूलाई धन्यवाद व्यक्त गर्नुभयो । नेपाल सरकारले तोकेका सबै मापदण्ड पुरा गर्दै बिरामीका लागि गुणस्तरीय र सर्वसुलभ रूपमा रगत तथा रक्ततत्व उपलब्ध गराउनमा नेपाल रेडक्रस सोसाइटी प्रतिवद्ध रहेको बताउनुभयो ।

नेपाल रेडक्रस सोसाइटीका महामन्त्री ऋषिरमण खनालले रक्तसञ्चारका क्षेत्रमा युवाहरूको साथ सहयोगको प्रंशसा गर्नुभयो । रक्तदानको महत्वका बारेमा थप प्रचारप्रसार गरी अझै रक्तदानका क्षेत्रमा युवा सहभागिता बढाउनुपर्नेमा जोड दिनुभयो ।

रगत आवश्यक पर्ने बिरामीको जीवन बचाउने महान कार्यमा लाग्नु हुने सबैमा धन्यवाद व्यक्त गर्नुहुदै रेडक्रसको अन्तर्राष्ट्रिय महासङ्घ (आइएफआरसी) का नेपाल प्रमुख डेभिड फिसरले रक्तसञ्चार सेवा अब डिजिटल भएकोमा खुसी व्यक्त गर्नुभयो ।

ब्लड डोनर एशोसियसन नेपालका अध्यक्ष राजेश श्रेष्ठले सहज रगतको व्यवस्थापनका लागि लागि नेपाल रेडक्रस सोसाइटीसँग समन्वयमा काम गरिरहेको बताउँदै रगतको गुणस्तरीयतालगायतको विषयमा नेपाल सरकार र नेपाल रेडक्रस सोसाइटीले निगरानी, अनुगमनजस्ता कार्य गर्नुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी रक्तसञ्चार सेवाले यो वर्ष प्रदान गरेको सेवाको प्रतिवेदन केन्द्रीय रक्तसञ्चार सेवाका उपनिर्देशक डाक्टर प्रकाशकुमार यादवले प्रस्तुत गर्नुभएको थियो ।

प्रतिवेदन अनुसार आर्थिक वर्ष २०८२/०८३ मा नेरेसोबाट सञ्चालित एकाइ तथा सेवा केन्द्रबाट २,९१,३१९ युनिट रगत सङ्कलन गर्न र ४,०४,५७९ युनिट रगत तथा रक्ततत्व बिरामीलाई उपलब्ध गराउन यो सेवा सक्षम भएको छ भने आगामी






आर्थिक वर्षमा पनि बिरामीको आवश्यकताअनुरूप रगत सङ्कलन गरी गुणस्तरीय सेवा पुर्याउने लक्ष्य रहेको छ । गत आर्थिक वर्ष २०८१/०८२ मा देशभरि मा २,९४,८४८ युनिट रगत सङ्कलन भई ४,०२,५१० युनिट रगत र रक्ततत्व वितरण भएको थियो ।

नेपाल रेडक्रस सोसाइटी (नेरेसो) स्थापना भएको तीन वर्षपछि अर्थात् वि.सं २०२३ साल साउन १२ गते नेपाल रेडक्रस रक्तसञ्चार सेवा केन्द्रको सञ्चालन प्रारम्भ भएको हो । प्रारम्भमा काठमाडौंमा मात्र सञ्चालित यस केन्द्रले एक वर्षको अवधिमा जम्मा १५७ युनिट मात्र रगत सङ्कलन गरेको थियो । सुरुका दिनहरूमा रगतको किनबेच गर्ने पेसेवर व्यक्तिहरूबाटसमेत रगत सङ्कलन गर्ने गरिएकोमा २०३९/४० देखि त्यस्ता व्यक्तिहरूबाट रगत नलिइ स्वयंसेवी रगतदाताहरूको सङ्ख्यामा वृद्धि गरी रगत सङ्कलन गर्न थालिएको हो ।

# सम्पादकीय

## रक्तदान गर्ने संस्कारः जीवनको आधार

रक्तसञ्चार सेवा नेपाल रेडक्रस सोसाइटीको पहिचानसँग जोडिएको मानवीय सेवाको एउटा महत्वपूर्ण आधार हो । वि.सं. २०२३ सालमा सुरु भएको रक्तसञ्चार सेवाले आज ६१ वर्षको यात्रा पूरा गरिसकेको छ । सुरुवातमा काठमाडौँमा सीमित रहेको यो सेवा अहिले देशका विभिन्न भूगोल र समुदायसम्म विस्तार भएको छ । सुरक्षित, गुणस्तरीय र सुलभ रक्तसञ्चार सेवा प्रदान गर्ने उद्देश्यसहित नेपाल रेडक्रसले निरन्तर अगाडि बढाउँदै आएको यो अभियान हजारौं रक्तदाता र सहयोगी हातहरूको साझा योगदानको परिणाम हो ।

रगतको आवश्यकता कुनै निश्चित समय, स्थान वा वर्गका मानिसलाई मात्र पर्दैन । दुर्घटना, शल्यक्रिया, प्रसूति, विभिन्न रोग तथा आकस्मिक अवस्थाका बिरामीका लागि समयमै उपलब्ध हुने सुरक्षित रगत जीवन बचाउने आधार हो । त्यसैले रक्तदानलाई केवल समाज सेवा वा सामाजिक अभियानका रूपमा मात्र नभई मानव जीवनसँग जोडिएको साझा जिम्मेवारी र सामाजिक संस्कारका रूपमा विकास गर्न आवश्यक छ ।

आर्थिक वर्ष २०८२/८३ मा नेपाल रेडक्रसका रक्तसञ्चार सेवा केन्द्र तथा एकाइहरूले २ लाख ९१ हजार ३१९ युनिट रगत सङ्कलन गरी ४ लाख ४ हजार ५७९ युनिट रगत तथा रक्ततत्व बिरामीलाई उपलब्ध गराएका छन् । देशका ७३ जिल्लाका १२० स्थानमा रक्तसञ्चार सेवा केन्द्र तथा एकाइ सक्रिय रहनुले यसको पहुँच र जिम्मेवारीको व्यापकता देखाउँछ । तर रगतको माग बढ्दै जाँदा नियमित रक्तदानको आवश्यकता पनि बढिरहेको छ । आधुनिक चिकित्साको विकाससँगै रगत तथा रक्ततत्वको माग बढिरहेको छ । यस्तो अवस्थामा रक्तदानलाई आकस्मिक अवस्थामा वा आवश्यकता पर्दा मात्र सम्झने नगरी नियमित सामाजिक संस्कारका रूपमा विकास गर्नुपर्छ । रक्तदानमा विशेषगरी युवा तथा महिलाको सहभागिता बढाउनु आजको महत्वपूर्ण आवश्यकता हो । देशभर सङ्कलित रगतमा महिला रक्तदाताको सहभागिता करिब १७ प्रतिशत मात्र रहेको केन्द्रीय रक्तसञ्चार सेवाको तथ्याङ्कले देखाएको छ ।

रक्तदानको संस्कारसँगै सुरक्षित रगतको सुनिश्चितता पनि उत्तिकै महत्वपूर्ण छ । सुरक्षित रक्तदाता छनोटदेखि रगत परीक्षण, रक्ततत्व निर्माण र बिरामीसम्म पुऱ्याउने प्रक्रियासम्म हरेक चरणमा गुणस्तर र सुरक्षालाई प्राथमिकता दिनुपर्छ । नेपाल रेडक्रसले रक्तसञ्चार सेवामा परीक्षण, गुणस्तर नियन्त्रण तथा आधुनिक प्रविधिको प्रयोगलाई अघि बढाउँदै आएको छ ।

रक्तसञ्चार सेवा रेडक्रसको मात्र जिम्मेवारी नभई सरकार, स्थानीय तह, अस्पताल, शैक्षिक संस्था, सामाजिक सङ्घसंस्था, सञ्चारमाध्यम र स्वयंसेवी रक्तदाता बिचको सहकार्यले मात्र यस सेवालाई अझ प्रभावकारी र दिगो बनाउन सक्छ । समुदायस्तरमा नियमित रक्तदान कार्यक्रम विस्तार गर्ने, युवा तथा महिलालाई सक्रिय सहभागी बनाउने र दुर्लभ रक्तसमूहका रक्तदाताको अभिलेख व्यवस्थित गर्ने कार्यमा थप ध्यान दिन आवश्यक छ ।

रक्तदान गर्ने संस्कार बलियो हुनु भनेको सङ्कटमा जीवन बचाउने सामाजिक आधार बलियो हुनु हो । आज हामीले दिएको रगत भोलि आफैँलाई, आफ्ना परिवार वा कोही अपरिचितको जीवन बचाउने आधार बन्न सक्छ । त्यसैले रक्तदानलाई आपत्कालीन अवस्थाको अभियानमा सीमित नराखी नियमित सामाजिक संस्कारका रूपमा विकास गर्न नेपाल रेडक्रस सोसाइटी हार्दिक अपिल गर्दछ ।

रक्तदान गरौं, मानवताका लागि एकबद्ध होऔं । रक्तदानको संस्कारलाई बलियो बनाउँदै जीवनको आधारलाई अझ सुरक्षित बनाऔं ।

प्रधान सम्पादक : ऋषिरमण खनाल
कार्यकारी सम्पादक : विपुल न्यौपाने
सहायक सम्पादक : सुशीला ढकाल

## कविता



### रक्तदान जीवनदान

सेवारूपी पहलबाटै रेडक्रसको प्रारम्भ भयो,
नेपालमा पहिलो पटक रक्तसञ्चार सेवा आयो ।

पहिलो महान कर्म भन्दै रक्तदान सुरू भयो,
रगतको अभावमा ज्यान जाने दिन गयो ।

पचास दशक सुनौला दिन, जहाँ लाखौं जीवन बचे,
रेडक्रसको रक्तसञ्चार, इतिहाँस भै पाना रचे ।

रगतको थोपा थोपा, बहुमूल्य हिरा रत्न,
रक्तदान गरि रहुँ, लामो आयू जीवन बाँच्न ।

रेडक्रसको विश्वास अनि सेवारूपी पहिचानमा,
कयौ दुःख कष्ट भयो, रक्तसञ्चार अभियानमा ।

रगत साँची बन्दैन है हिरा मोती शरीरमा
जति जति दान दिन्छौं, उति निखार जीवनमा

दान गरौं पुण्य कमाऔं, रक्तसेवा सहज बनाऔं
रगतको खाँचो टारी बिरामीको ज्यान बचाऔं

रगतमा नहोस कहिल्यै राजनीति र कुटनीति
पहुँच सधैं सवको रहोस सेवारूपी माया प्रीति ।

रचनाकारः भोजराज घिमिरे
नेपाल रेडक्रस सोसाइटी, केन्द्रीय कार्यालय ।

**रक्तदान गरौं, जीवन बचाऔं ।**
**Give Blood, Save Life.**

### शाश्वत वाणी

"सफलता संयोग होइन, निरन्तर मेहनत र लगावको परिणाम हो ।" -पेले

स्वास्थ्य तथा सामुदायिक विकास गतिविधि

# भौगोलिक सूचना प्रणाली (GIs) सम्बन्धी तालिम सम्पन्न

कैलाली, साउन २५ गते। नेपाल रेडक्रस सोसाइटी कैलाली जिल्ला शाखाको आयोजनामा प्रकृतिमा आधारित समाधान (Nature–based Solutions-NbS) कार्यक्रमअन्तर्गत भौगोलिक सूचना प्रणाली एनविएस सम्बन्धी तीनदिने तालिम सम्पन्न भएको छ।

प्राकृतिक विपद् तथा जलवायुजन्य जोखिम न्यूनीकरण, वातावरणीय संरक्षण तथा समुदायको उत्थानशीलता अभिवृद्धिमा प्रकृतिमा आधारित समाधानको महत्त्वपूर्ण भूमिका रहने भएकाले परियोजनाका गतिविधिलाई थप प्रभावकारी र तथ्यमा आधारित बनाउन GIs प्रविधिको प्रयोगसम्बन्धी ज्ञान तथा सीप अभिवृद्धि गर्ने उद्देश्यले तालिम आयोजना गरिएको हो।

तालिममा परियोजना लागु भएका ५ वटा पालिकाका IT अफिसर तथा परियोजनाका कर्मचारीहरूको सहभागिता रहेको थियो। सहभागीहरूलाई GIs को आधारभूत अवधारणा, भौगोलिक तथ्याङ्कको व्यवस्थापन, नक्साङ्कन तथा परियोजनाका गतिविधिमा GIs प्रविधिको प्रयोगलगायतका विषयमा प्रयोगात्मक तथा सैद्धान्तिक जानकारी प्रदान गरिएको थियो।

नेपाल रेडक्रस सोसाइटी कैलाली जिल्ला शाखाका मन्त्री राकेश हमालको अध्यक्षतामा सम्पन्न कार्यक्रममा जिल्ला शाखाका उप-कोषाध्यक्ष रंगप्रसाद तिमिल्सैना, नेपाल रेडक्रस सोसाइटी केन्द्रीय कार्यालयका Nbs कार्यक्रमका कार्यक्रम व्यवस्थापक तथा नेपाल रेडक्रस सोसाइटीका उपनिर्देशक अमरमणि पौडेल, ल्दक कार्यक्रम कैलालीका कार्यक्रम संयोजक गौरीलाल बुढाथोकीलगायतका पदाधिकारी तथा विभिन्न परियोजनाका कर्मचारी र सरोकारवालाहरूको सहभागिता रहेको थियो।



तालिमको सहजीकरण निरोज तिमिल्सेना र मुकेश गौतमले गर्नुभएको थियो। सहजीकरणका क्रममा Nbs प्रविधिलाई स्थानीय तहमा उपलब्ध तथ्याङ्क तथा सूचनासँग जोडेर विपद् जोखिम पहिचान, जोखिम क्षेत्रको नक्साङ्कन, प्राकृतिक स्रोतको व्यवस्थापन तथा परियोजना कार्यान्वयनमा कसरी प्रयोग गर्न सकिन्छ भन्ने विषयमा सहभागीहरूलाई अभ्याससमेत गराइएको थियो।

प्रकृतिमा आधारित समाधानले वातावरणीय प्रणालीको संरक्षण, पुनर्स्थापना तथा दिगो व्यवस्थापनमार्फत मानव समुदाय तथा वातावरण दुवैलाई लाभ पुर्‍याउने भएकाले यससँग सम्बन्धित परियोजनाका गतिविधिमा स्थानीय तह, रेडक्रस तथा अन्य सरोकारवाला बिचको समन्वय आवश्यक रहेको सहभागीहरूको भनाइ थियो।

नेपाल रेडक्रस सोसाइटी कैलाली जिल्ला शाखाले विपद् जोखिम न्यूनीकरण, जलवायु परिवर्तनका असर न्यूनीकरण तथा समुदायको उत्थानशीलता विकासका क्षेत्रमा विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको छ। तीन दिनसम्म सञ्चालित सो तालिमले परियोजना लागु भएका पालिकाका प्राविधिक तथा परियोजना कर्मचारीहरूको एनविएस सम्बन्धी ज्ञान, सीप र कार्यक्षमता अभिवृद्धि गर्नुका साथै आगामी दिनमा परियोजनाका गतिविधिलाई थप व्यवस्थित, प्रमाणमा आधारित र प्रभावकारी बनाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ।

# आधारभूत प्राथमिक उपचार तालिम सम्पन्न

काठमाडौँ, साउन १५ गते। नेपाल रेडक्रस सोसाइटी स्वास्थ्य सेवा विभाग प्राथमिक उपचार महाशाखाले युएनडिपी नेपालसँगको सहकार्यमा ५ स्थानमा प्राथमिक उपचार प्रशिक्षण सम्पन्न गरेको छ।

यही जेठ ०७ गतेदेखि साउन १४ गतेसम्म विभिन्न मितिमा सञ्चालित तालिमबाट सुर्खेतमा १९ जना, जनकपुरमा २२ जना, काठमाडौँमा २३ जना, धनगढीमा २२ जना र पोखरामा १६ जना गरी ५ वटा प्रशिक्षणमार्फत १२२ जना प्रशिक्षित हुनुभएको छ।

यसैगरि स्वीस कन्ट्याक्ट अफिसका कर्मचारीहरू १०१ जनाका लागि दुई चरणमा एक दिने प्राथमिक उपचार प्रशिक्षण सम्पन्न भएको छ।



युएनडिपी नेपालसँगको सहकार्यमा सञ्चालित सो प्रशिक्षणमा नेपाल रेडक्रस सोसाइटीको केन्द्र, प्रदेश र जिल्ला शाखाका प्रशिक्षकहरू परिचालित हुनुभएको थियो भने स्वीस कन्ट्याक्टसँगको सहकार्यमा भएको प्रशिक्षणमा काठमाडौं, ललितपुर र भक्तपुरका प्रशिक्षकहरू परिचालित हुनुभएको थियो।

स्वास्थ्य सेवा गतिविधि

# डेंगु रोग नियन्त्रण तथा रोकथाम गोष्ठी सम्पन्न

दाङ, साउन ३ गते । नेपाल रेडक्रस सोसाइटी जुनियर युवा समिति दाङको आयोजना तथा तुल्सिपुर उपमहानगरपालिका जनस्वास्थ प्रवर्धन शाखाको प्राविधिक सहयोगमा डेंगु रोग नियन्त्रण तथा रोकथाम अभिमुखीकरण गोष्ठी सम्पन्न भएको छ ।

नेपाल रेडक्रस सोसाइटी दाङ जिल्ला शाखाका सभापति मदन गौतम र जुनियर युवा समिति दाङका संयोजक भिमलाल मरासिनीलगायतको उपस्थितिमा भएको गोष्ठीमा डेंगु रोग नियन्त्रण तथा रोकथाम र बच्ने उपायका बारेमा अभिमुखीकरण गरिएको थियो ।

कार्यक्रममा जुनियर रेडक्रस सर्कलका शिक्षक नायक र रेडक्रसका स्वयंसेवकसहित ४० जनाको सहभागिता रहेको थियो । तालिमको सहजीकरण जनस्वास्थ प्रवर्धन शाखाका अधिकृत बिमल के.सी., शिव तिवारी र प्रकाश श्रीबन्दले गर्नु भएको थियो ।

त्यस्तै; साउन २४ गते जिल्लाको घोराही उपमहानगरपालिकाका जुनियर युवा रेडक्रस सर्कलका शिक्षक नायकहरूको लागि डेंगुसम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ ।

जुनियर युवा समिति दाङको आयोजना तथा नेपाल रेडक्रस सोसाइटी घोराही पालिका शाखाको सहआयोजनामा अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको हो ।

कार्यक्रममा उपमहानगरपालिकाको जनस्वास्थ प्रवर्धन शाखाका प्रमुख राधा पौडेलले सहजीकरण गर्नु भएको थियो । उहाँले डेंगु रोग, यसको लक्षण र बच्ने उपायका बारेमा जानकारी गराउनुभएको थियो । घोराही क्षेत्रका शिक्षक नायक र स्वयंसेवक गरी अभिमुखीकरणमा ३७ जनाको सहभागिता रहेको थियो ।







# क्षमता सुदृढीकरण तालिम सम्पन्न

जाजरकोट, साउन २४ गते । नेपाल रेडक्रस सोसाइटी जाजरकोट जिल्ला शाखाको आयोजनामा धुर्वेगैरा आधारभूत स्वास्थ्य सेवा केन्द्र, शिवालय गाउँपालिका-२ को स्वास्थ्य संस्थामा व्यवस्थापन समितिका पदाधिकारी तथा सदस्यहरूका लागि आयोजित तीनदिने क्षमता सुदृढीकरण तालिम सम्पन्न भएको छ ।

शिवालय गाउँपालिका र नेपाल रेडक्रस सोसाइटीको साझेदारीमा सञ्चालित दिगो विकासका लागि स्वास्थ्य, अनुकूलन तथा उत्थानशीलता परियोजनाअन्तर्गत तालिमको आयोजना गरिएको हो ।

तालिममा स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको भूमिका, जिम्मेवारी र अधिकार, आधारभूत स्वास्थ्य सेवाको अवधारणा तथा स्वास्थ्य संस्थाबाट प्रदान गरिने सेवाहरू, स्वास्थ्य सेवा व्यवस्थापन, स्रोत परिचालन तथा व्यवस्थापन, बहुक्षेत्रीय समन्वय, स्वास्थ्य सेवामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, स्वास्थ्य अवस्था विश्लेषण, बैठक सञ्चालन तथा अभिलेख व्यवस्थापनलगायतका विषयमा विस्तृत सहजीकरण गरिएको थियो । साथै सहभागीहरूलाई स्वास्थ्य संस्था तथा समितिको कार्ययोजना निर्माण प्रक्रियाबारे व्यावहारिक अभ्यास गराउँदै आर्थिक वर्ष २०८३/८४ का लागि कार्ययोजनासमेत तयार गरिएको थियो ।




तालिममा स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिका पदाधिकारी तथा सदस्यहरू र शिवालय गाउँपालिकाको स्वास्थ्य शाखाबाट एक जना प्रतिनिधिसहित ११ जनाको सहभागिता रहेको थियो । तालिमको सहजीकरण नेपाल रेडक्रस सोसाइटी कर्णाली प्रदेश कार्यालय, सुर्खेतका कार्यक्रम व्यवस्थापक राजकुमार क्षेत्री, शिवालय गाउँपालिकाको स्वास्थ्य शाखाका सह-संयोजक कमलबहादुर बुढा तथा नेपाल रेडक्रस सोसाइटी जाजरकोट जिल्ला शाखाका कार्यक्रम अधिकृत शैलेश श्रेष्ठले गर्नुभएको थियो ।

विपद् व्यवस्थापन गतिविधि

## बाढी पहिरो प्रभावित परिवारलाई राहत वितरण

दोलखा, साउन ९ गते। नेपाल रेडक्रस सोसाइटीले दोलखा जिल्लाको गौरीशंकर गाउँपालिकाका बाढी पहिरो प्रभावित परिवारलाई राहत वितरण गरेको छ।

गौरीशंकर गाउँपालिका वडा नं ९ मा साउन ४ र ५ गते गएको पहिरोबाट पूर्ण क्षति भएका ८ परिवार र वडा नं ८ मा साउन ४ र ६ गते राति ११ बजेको समयमा अविरल वर्षाको कारण ठाडो खोलाले पूर्ण रूपमा क्षति पुऱ्याएका १३ परिवार गरी २१ परिवार लाई राहत वितरण गरिएको हो । नेपाल रेडक्रस सोसाइटीका अध्यक्ष डा. विशालकुमार भण्डारी, दोलखा जिल्ला शाखा सभापति भीम केसीसहितको उपस्थितिमा राहत वितरण गरिएको थियो।




## सर्प उद्धार कार्य प्रभावकारी बनाउँदै सर्प उद्धार स्वयंसेवक

रुपन्देही, साउन २५ गते । रुपन्देही तथा आसपासका जिल्लामा सर्प उद्धार कार्य प्रभावकारी बन्दै गएको छ। नेपाल रेडक्रस सोसाइटी रुपन्देही जिल्ला शाखाबाट सञ्चालित आधारभूत सर्प उद्धार तालिम प्राप्त स्वयंसेवकहरू सर्प उद्धारमा सक्रिय भएसँगै सो कार्य प्रभावकारी भएको हो।



सैनामैना-५ का नगरस्तरीय स्वयंसेवक दानबहादुर जि.सी.ले हालसम्म १० वटा विषालु र ११ वटा अविषालु गरी जम्मा २१ वटा सर्प सुरक्षित रूपमा उद्धार गरिसक्नुभएको छ । उहाँका अनुसार सर्प उद्धारसम्बन्धी तालिम र समुदायमा निरन्तर सेवा प्रदान गरेपछि उहाँको सामाजिक पहिचानसमेत फेरिएको छ। उहाँ भन्नुहुन्छ, "समुदायले अहिले समाजसेवीका रूपमा चिन्न थालेका छन्।"

त्यसैगरी ८ वटा विषालु र ११ वटा अविषालु गरी जम्मा १९ वटा सर्प सुरक्षित रूपमा उद्धार गरिसकेको बताउनुहुन्छ - सैनामैना ८ का वडा विपद् व्यवस्थापन समिति सदस्य किरण तिवारी। सैनामैनामा सुरु गरिएको समुदायमा आधारित सर्प उद्धार सेवा अहिले सैनामैना नगरपालिका, कञ्चन गाउँपालिका, गैंडहवा गाउँपालिका, शुद्धोधन गाउँपालिका तथा बुटवल उपमहानगर पालिकालगायतका क्षेत्रमा सेवा प्रदान गर्न सक्षम भएको छ। साथै, आवश्यकताअनुसार कपिलवस्तु जिल्ला तथा अन्य टाढाका स्थानीय तहहरूमासमेत स्वयंसेवकहरूले सेवा पुऱ्याउँदै आएका छन्।

सैनामैना नगरपालिकाले सर्प उद्धारमा संलग्न स्वयंसेवकहरूको बिमा सुनिश्चित गरेको छ। यसले कार्यक्रमको संस्थागत अपनत्व र दिगोपनालाई थप बलियो बनाएको छ । तालिम प्राप्त स्वयंसेवकहरूले घर, गोठ तथा आवासीय क्षेत्रमा प्रवेश गरेका सर्पलाई सुरक्षित ढङ्गबाट उद्धार गरी सम्बन्धित वडा कार्यालय तथा वन कार्यालयसँगको समन्वयमा प्राकृतिक बासस्थानमा लगी छोड्ने कार्य गर्दै आएका छन्।

यस पहलले एकातर्फ सर्पदंशको जोखिम न्यूनीकरणमा योगदान पुऱ्याएको छ भने अर्कोतर्फ सर्प तथा जैविक विविधताको संरक्षणमा समेत सकारात्मक योगदान पुऱ्याएको छ । तालिमको प्रभावकारिता बढ्दै जाँदा स्वयंसेवकहरूले उद्धार गरेका सर्पहरूको सङ्ख्या पनि क्रमश: अभिलेखमा आउन थालेका छन्।

नेपाल रेडक्रस सोसाइटी शहरी पूर्व तयारी तथा आपत्कालीन प्रतिकार्य प्रवर्धन परियोजनाको सहयोगमा ३ दिने आधारभूत सर्प उद्धार तालिम सञ्चालन भएको थियो। तालिममा १३ जना सहभागिता रहेको थियो । तालिमपछि सहभागी स्वयंसेवकहरूलाई सुरक्षित रूपमा सर्प उद्धार गर्न आवश्यक उद्धार सामग्रीसमेत उपलब्ध गराइएको थियो।

# केन्द्रीय समितिका पदाधिकारी तथा सदस्यहरुका लागि सेफगार्डिङ अभिमुखीकरण सम्पन्न

काठमाडौँ, साउन ५ गते। नेपाल रेडक्रस सोसाइटीको केन्द्रीय तदर्थ समितिका पदाधिकारी, सदस्य र कर्मचारीहरू गरी ३० जनाले केन्द्रीय कार्यालयमा अनिवार्य सेफगार्डिङ अभिमुखीकरण लिनुभएको छ।






अभिमुखीकरण कार्यक्रमको मुख्य उदेश्य तथा अवधारणा - नेतृत्व र स्वयंसेवकको प्रतिवद्धता, प्रतिवेदन, उजुरी सङ्कलन र सम्बोधनका विषयमा साझा वुझाई ल्याउनु हो।

कार्यक्रमलाइ सम्बोधन गर्दै केन्द्रीय कार्यसमितिको तर्फबाट अध्यक्ष डा. विशालकुमार भण्डारीले भन्नुभयो -"शून्य सहनशीलताको नीतिलाई व्यवहारमा उतार्न हामी प्रतिवद्ध छौं।

त्यस्तै; कार्यक्रममा धन्यवाद ज्ञापन गर्दै महामन्त्री ऋषिरमण खनालले समुदाय र रेडक्रसकर्मीको सम्मान तथा सुरक्षा प्राथमिकता रहेकोले समितिले सुशासनका उपायहरू अवलम्वन गर्ने र विधानमा पनि समेटिने जानकारी दिनुभयो।

यौनलगायत सवै प्रकारका दुर्व्यवहार, शोषण र उत्पीडनबाट समुदायलाई संरक्षण गर्न र रेडक्रस कार्यस्थललाई सुरक्षित बनाउन पदाधिकारी, सदस्य, स्वयंसेवक र कर्मचारीहरूलाई लैंगिक तथा समावेशिकरण विभागको संयोजनमा एक दिने अभिमुखीकरण अभियान निरन्तर देशव्यापी सञ्चालित छ।

# सुर्खेतमा अनिवार्य सेफगार्डिङ अभिमुखीकरण सम्पन्न

सुर्खेत, साउन १६ गते। नेपाल रेडक्रस सोसाइटीको सुर्खेत आँखा अस्पताल, सुर्खेत रक्तसञ्चार सेवा , जिल्ला समितिका सबै चिकित्सक, ल्याब तथा प्रशासनिक कर्मचारीलगायत पदाधिकारी र स्वयंसेवकले वीरेन्द्रनगर सुर्खेतमा अनिवार्य सेफागार्डिङ प्रशिक्षण लिनुभएको छ।

शुभारम्भ कार्यक्रमलाई सम्बोधन गर्दै सुर्खेत जिल्ला शाखाका सभापति रामलाल आचार्यले नेपाल रेडक्रसले समुदाय र रेडक्रसकर्मीको सम्मान तथा सुरक्षालाई प्राथमिकता दिएको बताउनुभयो। त्यस्तै; लैङ्गिक तथा समावेशिकरण विभागका निर्देशक दिव्यराज पौडेलले यौनलगायत सवै प्रकारका दुर्व्यवहार, शोषण र उत्पीडनबाट समुदायलाई संरक्षण गर्न र रेडक्रस कार्यस्थललाई सुरक्षित



बनाउन देशव्यापी अभियानअन्तर्गत कार्यक्रम गरिएको जानकारी दिनुभयो।

कार्यक्रममा कर्णाली प्रदेश प्रहरी कार्यालयका प्रहरी निरीक्षक किसमत बुढा, रेडक्रस केन्द्रीय कार्यालयका निर्देशक दिव्यराज पौडेल, सेफगार्डिङ संयोजक शुभेच्छा मानन्धर र ईश्वरी पन्तले सहजीकरण गर्नुभएको थियो। कार्यक्रममा ५१ जनाको सहभागिता रहेको थियो।

नेपाल रेडक्रसको विधानमा नै यौन दुराचारमा शून्य सहनशीलताको प्रावधान राखिएको छ। नेतृत्व, कर्मचारी र स्वयंसेवकको प्रतिवद्धता, प्रतिवेदन, उजुरी सङ्कलन र सम्बोधनका विषयमा साझा वुझाई ल्याउने प्रशिक्षणको अवधारणा रहेको छ।

# वी.पी.कोइराला मेमोरियल क्यान्सर अस्पतालमा रक्तसञ्चार युनिटको शुभारम्भ



चितवन, साउन २३ गते। नेपाल रेडक्रस सोसाइटी चितवन जिल्ला शाखाले भरतपुरको वी.पी.कोइराला मेमोरियल क्यान्सर अस्पतालमा रक्तसञ्चार युनिटको शुभारम्भ गरेको छ।

एक कार्यक्रमका बिच भरतपुर महानगर पालिकाका कार्यवाहक मेयर चित्रसेन अधिकारीले रक्तसञ्चार केन्द्र क्यान्सर अस्पताल युनिटको शुभारम्भ गर्नुभएको थियो। अस्पतालको अन्तरङ्ग भवनको पहिलो तलामा रक्तसञ्चार युनिटको नयाँ कक्ष निर्माण कार्य सम्पन्न गरी सेवा शुभारम्भ गरेको हो।

नेपाल रेडक्रस सोसाइटी कृष्णपुर उपशाखाका सभापति राजुबहादुर खनालको सभापतित्वमा भएको कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी चितवन जिल्ला शाखा सभापति हरि प्रसाद पौडेल, भरतपुर महानगरपालिका वडा नं.७ का वडा अध्यक्ष राजेन्द्रमणी काफ्ले, क्यान्सर अस्पतालका पूर्व कार्यकारी निर्देशक शिवजी पौडेल, जिल्ला शाखाका पदाधिकारी एवम् सदस्यहरू, ब्लड डोनर सोसाइटी नेपालका केन्द्रीय अध्यक्ष अन्जन दवाडी, मानवताका लागि रक्त अभियानका अभियान्ता इ.राजेन्द्र पौडेल, दुर्लभ रक्तसमुदाय चितवनका अध्यक्ष राजमणी नेपाल, नेरेसो उपशाखा कृष्णपुरका पदाधिकारी एवम् कार्यसमिति, सल्लाहकारहरू, छिमेकी उपशाखाका सभापति एवम् प्रतिनिधिहरू, रक्तदाताहरू र रेडक्रस चितवन जिल्ला शाखाका कर्मचारीहरूको उपस्थिति रहेको थियो।

# निःशुल्क रगत उपलब्ध गराउनेसम्बन्धी सम्झौता सम्पन्न

झापा, साउन ७ गते। नेपाल रेडक्रस सोसाइटी झापा जिल्ला शाखा र अर्जुनधारा नगरपालिका बिच नगरवासीलाई निःशुल्क रगत उपलब्ध गराउनेसम्बन्धी सम्झौता भएको छ।

सम्झौता अनुसार झापा जिल्लाको अर्जुनधारा नगरपालिकाभित्र स्थायी बसोबास गर्ने नेपाली नागरिकलाई स्वास्थ्य उपचारका क्रममा आवश्यकपर्ने रगत निःशुल्क उपलब्ध गराइनेछ।

सम्झौतापत्रमा अर्जुनधारा नगरपालिकाका तर्फबाट नगरप्रमुख बलदेवसिंह गोम्देन तामाङ र प्रमुख प्रशासकीय अधिकृत हिमराज सिँहाइ तथा नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखाका तर्फबाट सभापति लोकराज ढकाल र शाखा अधिकृत हरिशरण खड्काले हस्ताक्षर गर्नुभएको थियो।

सेवा लिन बिरामीले चिकित्सकले सिफारिस गरेको रगत मागको पुर्जी र अर्जुनधारा नगर पालिकाको स्थायी बासिन्दा भएको प्रमाण खुल्ने कागजात पेस गर्नुपर्नेछ।





स्वास्थ्य सेवा तथा विपद् व्यवस्थापन गतिविधि

# विपद्को समयमा नसर्ने रोग सेवा निरन्तरताबारे गोलमेच छलफल सम्पन्न

काठमाडौं, साउन ८ गते । नेपाल रेडक्रस सोसाइटी र त्रिभुवन विश्वविद्यालय मनोविज्ञान केन्द्रीय विभागअन्तर्गत परामर्श मनोविज्ञान कार्यक्रम किर्तिपुरका बिच मानसिक स्वास्थ्य तथा मनोसामाजिक सहयोगका विषयमा कार्यगत साझेदारी गर्ने सम्झौता भएको छ ।



कार्यक्रममा नेपाल रेडक्रस सोसाइटीका अध्यक्ष डा.विशालकुमार भण्डारी, महामन्त्री ऋषिरमण खनाल, त्रिभुवन विश्वविद्यालय मनोविज्ञान केन्द्रीय विभागका प्रमुख उप-प्राध्यापक सञ्जेश श्रेष्ठ, परामर्श मनोविज्ञान कार्यक्रमका संयोजक डा. सन्देश ढकालगायत डेनिस रेडक्रसका प्रतिनिधि र नेपाल रेडक्रस सोसाइटी केन्द्रीय कार्यसमितिका सदस्यहरू, निर्देशकहरू तथा कर्मचारीको सहभागिता रहेको थियो ।

नेपाल रेडक्रस सोसाइटी र त्रिभुवन विश्वविद्यालय मनोविज्ञान केन्द्रीय विभाग र परामर्श मनोविज्ञान कार्यक्रमका बिच भएको सम्झौतामा मानसिक स्वास्थ्य र मनोसामाजिक सहयोग सेवाहरूमा सहकार्यलाई बलियो बनाउने, मानसिक स्वास्थ्य तथा मनोसामाजिक सहयोग र मनोवैज्ञानिक प्राथमिक उपचार प्रशिक्षणहरूमार्फत स्वयंसेवक, विद्यार्थी, शिक्षक, पेशाकर्मी र समुदायको क्षमता बढाउने, आपत्कालीन प्रतिकार्यको एक अनिवार्य हिस्साका रूपमा मनोवैज्ञानिक प्राथमिक उपचारलाई प्रवर्धन गर्ने, सहकार्य अनुसन्धान, मूल्याङ्कन, लेखाजोखा र प्राथमिकतामा राख्ने, मानसिक स्वास्थ्य सचेतना समुदाय स्तरमा फैलाउने र मानसिक स्वास्थ्य सम्बन्धी विद्यमान गलत अवधारणहरू हटाउन सहयोग गर्ने मानवीय सँस्थाहरू र साझेदारनिकायहरू बिचको सम्बन्धहरूलाई बलियो बनाउने जस्ता बुँदाहरू उल्लेख गरिएका छन् ।

आगामी दिनमा द्विपक्षीय सम्झौता बमोजिम मानसिक स्वास्थ्य तथा मनोसामाजिक सहयोगका क्षेत्रमा सहकार्य गरी गतिविधिहरू सञ्चालन गरिने छ ।

# वृक्षारोपण कार्यक्रम सम्पन्न

कैलाली, साउन १७ गते । नेपाल रेडक्रस सोसाइटी कैलाली जिल्ला शाखाको आयोजनामा जिल्लाको भजनी नगरपालिकाको वडा नं. ४ स्थित झलझलिया क्षेत्रमा कृषि बनको अवधारणा स्वरूप वृक्षारोपण कार्यक्रम सम्पन्न भएको छ ।



कान्द्रा नदीको कटान रोकथाम सँगसँगै समुदायको जिविकोपार्जनमा सहयोग तथा पर्या-पर्यटन र स्वच्छ वातावरण निर्माणमा सहयोग पुर्‍याउने उद्देश्यले कृषि बन अवधारणा स्वरूप वृक्षारोपण गरिएको हो ।

भजनी नगरपालिका वडा नं.४ का वडाअध्यक्ष जनताराम चौधरी, भजनी नगरपालिका विपद् शाखाका प्रमुख बिष्णुराज न्यौपाने, नेपाल रेडक्रस सोसाइटी कैलाली जिल्ला शाखाका सदस्य धौली जोशी, नेपाल रेडक्रस सोसाइटी खैलाड उपशाखाका कार्यवाहक सभापति दुखरानी चौधरी, कालिका आविका प्रधानाध्यापक उपेन्द्र बुढा, पुरानो झलझलिया गाउँको कान्द्रा नदीमा जैविक तटबन्ध निमार्ण उपभोक्ता समिति, सहकर्मी समाज प्रतिनिधि, देविथान, बडिमालिमाटोल, प्रकृतिमा आधारित समाधान परियोजनाका सँयोजक गौरीलाल बुढाथोकीलयागत परियोजनाका कर्मचारीलगायतको उपस्थिति वृक्षारोपण गरिएको हो । कान्द्रा नदीको कटान रोकथामका लागि निर्माण भएको जैविक तटबन्ध छेउमा २०० थान चाँप र माल बाँस, र सोही स्थानको सामुदायिक जग्गामा आँप, लिची, सनकागती, अमला र बेल जातका फलफुलका बिरूवा लगाइएको छ ।